नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८०/०९/०६

## चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) को सःशुल्कतर्फको म्याचिङसम्बन्धी सूचना

मिति २०८०/०७/१८ गतेदेखि २२ गतेसम्म सञ्चालन भएको चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको मिति २०८०/०७/२३ गतेदेखि २५ गतेसम्म प्रकाशित नतिजाको योग्यताक्रम र आरक्षण समूहहरूको योग्यताक्रममा रहेका उम्मेदवारहरूले आयोगको मिति २०८०/०८/०७ को सूचनाबमोजिम शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गरी स्वयंले गरेको अनलाइन प्राथमिकताक्रम निर्धारणको आधारमा सःशुल्कतर्फको म्याचिङ तथा भर्ना तपसिल बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. सःशुल्कतर्फको म्याचिङ, भर्नासूची तथा भर्नासम्बन्धी व्यवस्था**

१. उम्मेदवारको योग्यताक्रम, अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका शिक्षण संस्था र कार्यक्रम एवम् उपलब्ध सिट सङ्ख्या बमोजिम कम्प्युटर प्रणालीमा आधारित म्याचिङ गरी सःशुल्कतर्फको पहिलो भर्नासूची प्रकाशन गरिनेछ ।

२. भर्नासूचीमा परेका उम्मेदवारले यसै सूचनामा तोकिएको समयावधिभित्र सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना गर्नुपर्नेछ ।

३. छात्रवृत्तितर्फको र विदेशी विद्यार्थीको भर्ना समय समाप्तभएपछि उक्त समूहका लागि निर्धारण गरिएका सिटहरू रिक्त हुन आएमा सःशुल्कतर्फ समावेश गरी म्याचिङ गरिनेछ ।

४. पहिले नै उम्मेदवार स्वयमले अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका, वैदेशिक अध्ययन अनुमतिपत्र नलिएका, कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना नभएका सम्पूर्ण उम्मेदवारहरूमध्येबाट सःशुल्कतर्फका लागि कायम हुन आएका सिटहरूमा पहिलो चरणको म्याचिङ गरी भर्नासूची प्रकाशन गरिनेछ ।

५. सःशुल्कतर्फको पहिलो भर्नासूचीमा परी वा नपरी भर्ना नभएका पहिलो म्याचिङ सूचीको अन्तिम योग्यताक्रमसम्मका उम्मेदवारहरूमध्येबाट पहिले नै निर्धारण गरेका प्राथमिकताक्रमहरूको आधारमा माथिल्लो प्राथमिकताक्रमको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा पुनः अवसर दिई म्याचिङ गरी पुनः भर्नासूची प्रकाशित गरिनेछ । यसरी पुनः म्याचिङ (re-matching) अवसर दिँदा सम्बन्धित उम्मेदवारले पहिलो भर्नासूचीमा छोडेको प्राथमिकताक्रम भन्दा माथिल्लो प्राथमिकताक्रममा सिट रिक्त भएमा मात्रै म्याचिङ गरिनेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

६. सःशुल्कतर्फको दोस्रो चरणको म्याचिङ गर्दा पहिला नै अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका, वैदेशिक अध्ययन अनुमतिपत्र नलिएका र कुनै पनि भर्नासूचीमा नपरेका योग्यताक्रममा रहेका बाँकी उम्मेदवारहरूलाई पहिलो चरणकै प्रक्रिया अवलम्बन गरी म्याचिङ गरिनेछ ।

७. म्याचिङको नतिजा आयोगको वेबसाइटका साथै उम्मेदवारको आफ्नो प्रोफाइलबाट पनि हेर्न सकिने छ ।

ख. सःशुल्कतर्फको म्याचिङ, भर्नासूची प्रकाशन तथा भर्नासम्बन्धी कार्यतालिका

| चरण | विवरण | मिति र समय |
|---|---|---|
| पहिलो | **First matching result** | २०८० पुस २५ |
| | First Admission OPEN | २०८० पुस २६, समय १०:०० बजेदेखि |
| | First Admission CLOSE | २०८० माघ ४, समय ४:०० बजेसम्म |
| | **First re-matching result** | २०८० माघ ८ |
| | Admission of first re-matching OPEN | २०८० माघ ९, समय १०:०० बजेदेखि |
| | Admission of first re-matching CLOSE | २०८० माघ ११, समय ४:०० बजेसम्म |
| दोस्रो | **Second matching result** | २०८० माघ १४ |
| | Second admission OPEN | २०८० माघ १५, समय १०:०० बजेदेखि |
| | Second admission CLOSE | २०८० माघ १९, समय ३:०० बजेसम्म |
| | **Second re-matching result** | २०८० माघ २४ |
| | Admission of second re-matching OPEN | २०८० माघ २५, समय १०:०० बजेदेखि |
| | Admission of second re-matching CLOSE | २०८० माघ २८, समय ५:०० बजेसम्म |

ग. **कक्षा प्रारम्भ (Beginning of academic session):** MECEE-BL 2024 को कक्षा प्रारम्भ २०८० माघ २९ (12 February 2024) गतेबाट हुनेछ।

घ. **समापन म्याचिङ (Wrap-up matching):** सःशुल्कतर्फको दोस्रो चरणको भर्ना पश्चात सिटहरू रिक्त हुन आएमा समापन म्याचिङ सम्वन्धी कार्यतालिका आयोगको वेवसाइटमा प्रकाशन गरिनेछ ।

२०८०।९।१६
धनबहादुर श्रेष्ठ
उपसचिव